# उद्योग वाणिज्य सन्देश

मासिक

CHITWAN CHAMBER OF COMMERCE & INDUSTRY

वर्ष ३०. अकं २, जेष्ठ २०८२ May/June 2025


## थाइल्याण्डमा आयोजित अन्तराष्ट्रिय प्रशिक्षण कार्यक्रममा संघको सहभागिता






चितवन उद्योग वाणिज्य संघले थाइल्याण्डमा आयोजित एक अन्तरार्ष्ट्रिय प्रशिक्षण कार्यक्रममा सहभागिता जनाएको छ । संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको नेतृत्वमा निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी र कार्यकारी निर्देशक निलबहादुर के.सी. गरी ४ जना २०८२ जेठ ५ गते देखि १६ गतेसम्म थाइल्याण्डमा आयोजित Finance for Non Finance Manager तालिममा सहभागी भएको हो । संघ व्यवस्थापन, बजेटिङ, बजेट कन्ट्रोल, व्यवसाय प्रस्तावना निर्माण, लागत अनुमान, सदस्यता केन्द्रित गतिविधि लगायतका विषयमा एसियाकै नमूना कलेज Asian Indtitute of Technology को व्यवस्थापन र GIZ (RAS) परियोजनाको सहयोगमा थाइल्याण्डको राजधानी बैंककमा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो । सोही तालिमको अवसरमा थाइल्याण्डका व्यवसायीहरुको छाता संगठन थाइ चेम्बर अफ कमर्शसँग भेटघाट एवम् अन्तरक्रिया कार्यक्रमसमेत सम्पन्न भएको थियो । भेटघाट कार्यक्रममा चितवन उद्योग वाणिज्य संघ र थाइ चेम्बर अफ कमर्श बीच हुन सक्ने सहकार्य, दुई देश बीचको व्यावसायिक सम्बन्धका बारेमा गहन रुपमा छलफल भएको थियो । तालिमकै अवसरमा थाइल्याण्डमा संचालित एक गाउँ एक उत्पादन कार्यक्रमको अवलोकन समेत गरिएको थियो ।

## मकवानपुर उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई संघमा स्वागत एवम् कार्यक्रम सम्पन्न




मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको नेतृत्वमा आएको अध्ययन अवलोकन भम्रण टोलीलाई चितवन उद्योग वाणिज्य संघले २०८२ जेठ ९ गते एक कार्यक्रमको आयोजना गरी स्वागत गरेको थियो । स्वागत एवम् छलफल कार्यक्रमा चितवन उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष अशोक अधिकारीले यस किसिमको कार्यक्रमले व्यावसायिक साथसाथै संस्थागत एकता सुदृढ गर्नमासमेत सहयोग पुऱ्याउने बताउनुभएको थियो । चितवन उद्योग वाणिज्य संघको संक्षिप्त जानकारी दिँदै कार्यवाहक अध्यक्ष अधिकारीले यस्ता किसिमका भेटघाटले दुवै क्षेत्रका उद्योगी व्यवसायीको समस्या पहिचान गरी सम्बन्धित निकायसँग पहल गर्ने दुवै संघका साझा समस्याहरुको पनि पहिचान हुने बताउनुभएको थियो ।


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.22347/0

प्रकाशक

चितवन उद्योग वाणिज्य संघ, फोनः ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै वदि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**संयोजक:**
बिष्णु लम्साल - कार्यसमिति सदस्य

**सदस्यहरू:**
हिम्मत पुरी, पदम पौडेल, वाशुदेव दवाडी, अमर कुंवर, नारायण काफ्ले, बाबुराम रामुदामु

**सल्लाहकारहरू:**
राजेन्द्र ओली, विज्ञानलाल श्रेष्ठ

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
बिनायक लम्साल - सूचना प्रविधि अधिकृत

कार्यक्रममा बोल्दै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटले चितवन उद्योग वाणिज्य संघ गरेको आतिथ्यता तथा कार्यप्रगतिको प्रशंसा गर्दै आफ्नो संघको संक्षित जानकारी दिनुहुँदै व्यावसायिक ऐक्यवद्धताका लागि चितवन उद्योग वाणिज्य संघसँग हातेमालो गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बोल्दै चितवन उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले उद्योगी व्यवसायीका समस्या, आर्थिक नीति, राजश्व नीति, झन् जटीलो कर प्रणाली लगायतका नीति विरुद्ध सबै निजी क्षेत्र मिलिरे लाग्नुपर्ने बताउँदै उहाँले मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्षलगायतको भ्रमणटोलीलाई भ्रमण सफलताको शुभकामना दिनुभएको थियो । कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै संघका तृतीय उपाध्यक्ष एवम् वस्तुगत संघ समन्वय समितिका संयोजक नारायण प्रधानले वस्तुगत सम्बन्धी उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघका मेरुदण्ड भनेकै वस्तुगत संघ भएको बताउनुभएको थियो । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको नेतृत्वमा आएका भ्रमण टोलीमा पदाधिकारी, सदस्यहरू लगायत वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि, उद्योगी व्यवसायी गरी २५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका कार्यसमितिका सदस्यज्यूहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि, संघका कर्मचारीहरूको उपस्थिति रहेको थियो । चितवन उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष अशोक अधिकारीको अध्यक्षता भएको स्वागत एवम् छलफल कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## चितवन उद्योग वाणिज्य संघमा आवद्ध महिला उद्यमी अध्ययन अवलोकन भ्रमण सम्पन्न




चितवन उद्योग वाणिज्य संघको आयोजनामा २०८२ जेठ १४ र १५ गते संघमा आवद्ध महिला उद्यमीहरूले नेपालका विभिन्न उद्योग वाणिज्य संघहरूको अध्ययन अवलोकन भ्रमण सफलतापूर्वक सम्पन्न भएको छ । महिला उद्यमीहरुले मकवानपुर, सिन्धुली, सुनसरी जिल्लाका विभिन्न उद्योग वाणिज्य संघका महिला उद्यमीहरुसँग भेटघाट तथा छलफलकासाथै त्यहाँका धार्मिक एवं पर्यटकीय क्षेत्रहरूको अध्ययन अवलोकन गर्नुभएको थियो । भ्रमणमा सहभागी महिला उद्यमीहरूलाई बिदाइ गर्दै चितवन उद्योग वाणिज्य संघका  प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले भ्रमणले अन्य उद्योग वाणिज्य संघमा आवद्ध महिला उद्यमीहरुसँग मित्रता बढ्नुकासाथै आवश्यकता र अनुभव साटासाट गर्न भ्रमणले मद्दत पुऱ्याउने बताए । भ्रमणको सफलताको शुभकामना दिदैं चितवन उद्योग वाणिज्य संघका उपाध्यक्ष नारायण प्रधानले भम्रणले महिला उद्यमीहरूको उद्यमशिलता विकास, सहकार्य एवं अनुभव आदान-प्रदानमा गर्नमा सहयोग पुग्ने बताउनु भएको थियो । चितवन उद्योग वाणिज्य संघको कार्यसमिति सदस्य एवं महिला उद्यमी विकास समितिको संयोजक अस्मिता तिमिल्सिनाको नेतृत्वमा संघका कार्यसमिति सदस्य पूणिमा जोशी श्रेष्ठ, सुनिता लिगल कर्माचार्य, संघका कर्मचारी गोमा रेग्मी, शर्मिला विष्टलगायत संघमा आवद्ध महिला उद्यमीहरू गरी १४ जना महिला उद्यमीहरु भ्रमणमा सहभागी थिए ।

## शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई संघमा स्वागत एवम् छलफल




चितवन उद्योग वाणिज्य संघले शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई २०८२ जेठ १६ गते एक कार्यक्रमको आयोजना गरी स्वागत गरेको थियो । शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघका अध्यक्ष समुन्द्रराम श्रेष्ठको नेतृत्वमा आएको भम्रण टोलीलाई संघले स्वागत गरेको हो । स्वागत एवम् छलफल कार्यक्रमा चितवन उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष अशोक अधिकारीले संघको परिचय दिदैं यस्ता भेटघाट कार्यक्रमले व्यावसायिक साथसाथै संस्थागत एकता सुदृढ गर्नमा समेत सहयोग पुऱ्याउने बताउनुभएको थियो । कार्यक्रममा बोल्दै शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघका अध्यक्ष समुन्द्रराम श्रेष्ठले चितवन उद्योग वाणिज्य संघले गरेको आतिथ्यता तथा कार्यप्रगतिको प्रशंसा गर्दै आफ्नो संघको संक्षित जानकारी दिनुहुँदै व्यावसायिक ऐक्यवद्धताका लागि चितवन उद्योग वाणिज्य संघसंग हातेमालो गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बोल्दै चितवन उद्योग वाणिज्य संघका उपाध्यक्ष राजेन्द्र ओलीले अध्ययन अवलोकन भ्रमण सफलताको शुभकामना दिनुभयो । उहाँले २०८२/८३ को बजेट गत वर्षको तुलनामा व्यावसायिक हिसावले राम्रो भएको बताउँदै उक्त बजेट कार्यान्वयनमा सबै उद्योग वाणिज्य संघहरू मिलेर पहल गर्नुपर्ने बताउनुभएको थियो ।छलफल कार्यक्रममा बोल्दै शुक्लागण्डकी नगरपालिका वडा नं ५ का वडा अध्यक्ष दुर्गाबहादुर थापाले चितवन उद्योग वाणिज्य संघ नेपालकै एक उत्कृष्ट उद्योग वाणिज्य संघ भएकोमा बधाई दिदैं संघले गरेका क्रियाकलपहरूको प्रशंसा गर्नुभएको थियो । उहाँले कोभिडपछि व्यवसाय खुम्चिदै गईरहेको बताउँदै बढ्दो श्रम पलायन रोक्न नसके केही वर्षपिछ देशको अवस्थानै जटिल हुने बताउनुभएको थियो ।शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघको भ्रमण टोलीमा अध्यक्ष समुन्द्रराम श्रेष्ठ, पदाधिकारी, कार्यसमिति सदस्यहरूलगायत उद्योगी व्यवसायीहरू गरी ३२ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका कार्यसमितिका सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि, संघका कर्मचारीहरूको उपस्थिति रहेको थियो । चितवन उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष अशोक अधिकारीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा उपाध्यक्ष नारायण प्रधानले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको थियो । स्वागत एवम् छलफल कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## चितवन उद्योग वाणिज्य संघ र दिल्ली ल्याण्ड एण्ड फाइनान्स लिमिटेड DLF कम्पनी बीच छलफल कार्यक्रम



चितवन उद्योग वाणिज्य संघको समन्वयमा २०८२ जेठ २८ गते छिमेकी मुलुक भारतको एक प्रसिद्ध रियल स्टेटसम्बन्धी कार्य गर्ने कम्पनी दिल्ली ल्याण्ड एण्ड फाइनान्सका प्रतिनिधि र चितवन उद्याग वाणिज्य संगको टिम बीच छलफल भएको थियो । छलफल कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले डिएफएल कम्पनीको बारेमा र उक्त कम्पनीको प्रोडक्टका बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो । उहाँले डिएफएल कम्पनीका प्रतिनिधिहरूलाई चितवन भौगोलिक लगायत व्यावसायिक हिसावले उत्कृष्ट गन्तव्य भएकाले चितवनमा लगानी विस्तार गर्न अनुरोध गनुभएको थियो ।छलफल कार्यक्रममा डिएलएफ कम्पनीको म्यानेजर प्रेङ्का ओझाले डिएलएफ कम्पनीको प्रोफाईल लगायत कम्पनीको प्रोडक्टहरुका बारेमा जानकारी गराउनुभएको थियो । उक्त छलफल कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका पदाधिकारी, कार्यसमिति, वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारीहरु, उद्योगी व्यवसायी गरी ७० जनाको सहभागिता रहेको थियो । चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न स्वागत एवम् छलफल कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

# चितवन उद्योग वाणिज्य संघको सदस्यता लिएपछि पाउने छुट सुविधाहरु

**कर सेवा :**

सदस्यहरुलाई कर भुक्तानीका लागि सहजिकरण गर्न आन्तररिक राजश्व कार्यालय भित्र निशुल्क सेवा दिने उद्देश्यले कर सहायता कक्ष स्थापना गरिएको छ ।

**स्वास्थ्य सेवा :**

**१. एन. पि. आई. नारायणी सामुदायिक हस्पिटल**

- आधिकारीक परिचय पत्र भएका चितवन उद्योग वाणिज्य संघका सदस्यहरुलाई हस्पिटलमा उपलब्ध ओ.पि.डी टिकट, औषाधी, सीटी स्क्यान र क्ष्उवलित बाहेक अन्य सम्पुर्ण सेवामा १५ प्रतिशत छुट पाईने छ ।

**पुनश्च :** चितवन उद्योग वाणिज्य संघबाट छुट कार्ड उपलब्ध गराईने छ ।

**२.चितवन मेडिकल कलेज (CMC)**

- सडक दुर्घटना, कस्मेटिक सर्जरी, Dental Treatment, Medico Legal Case, ओ.पि.डी र इमरर्जेन्सी टिकट बाहेक स्वास्थ्य उपचार सेवामा २५ प्रतिशत र फार्मेसीमा ७ प्रतिशत रमक छुट पाईने छ ।

चितवन मेडिकल कलेजले छुट कार्ड उपलब्ध गराउने छ ।

**३. कलेज अफ मेडिकल साइन्स (COMS) टिचिङ्ग हस्पिटल**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | ओ.पि.डी | २५ प्रतिशत |
| २. | आई.पि.डी | १५ प्रतिशत |
| ३. | फार्मेसी | ०५ प्रतिशत |
| ४. | रेडियोलोजी | १० प्रतिशत |

**४. चितवन मुटु हस्पिटल प्रा.लि.**

फार्मेसी बाहेकका सवै सेवामा २०% छुट सुविधा पाउने ।

**५. निको चिल्डेन हस्पिटल**

फार्मेसी बाहेकका सवै सेवामा १५% छुट सुविधा पाउने ।

**६. पुष्पाञ्जली हस्पिटल प्रा.ली, भरतपुर-१०, चितवन**

बेडचार्ज, ल्याब टेस्ट (त्यहाँ हुने), ई.सी.जी, इको, भिडिओ एक्सरे, एक्सरे, लगायतमा २५ ％ अप्रेशन, सिटीस्क्यान र क्याबीनमा १०％, औषाधीमा ७％ प्रतिशत सम्म छुट दिइने छ ।

**७. मौलाकालिका अस्पताल प्रा.ली , भरतपुर-१०, चितवन**

अस्पतालले दिने सम्पूर्ण सेवामा २५ ％ (OPD टिकट वाहेक) र फार्मेसीमा ५ ％ छुट दिइने छ ।

## हस्पिटालीटी सेवा :

**१. चितवन मिड टाउन रिसोर्ट प्रा. लि. (CMT), भरतपुर १०, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |
| ३. | हल भाडा | १० % |

**२. ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा. लि. , भरतपुर-४, यज्ञपुरी**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

**३. भरतपुर गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-१०, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

**४. अशोका रिसोर्ट प्रा. लि., भरतपुर-२९, दासढुङ्गा, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

**५. रोज गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-९, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

**६. सिराईचुली होटल, भरतपुर-१०, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० % |
| २. | कोठा सुविधा | १५ % |

**७. होटल रोयल सेन्चुरी प्रा. लि, भरतपुर-१०, चितवन**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | ३५ % |

**८. गन्तव्य रिसोर्ट, पोखरा-१९, लेकसाईड कास्की**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २५ % |

**९. होटल इनटुरिष्ट, इटहरी, सुनसरी**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० % |
| २. | कोठा सुविधा | २० % |

**१०. कविलास रिसोर्ट प्रा.लि, भरतपुर-२९**

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

**११. होटल बाराही , लेकसाईड पोखरा**

संघका सदस्यहरुले २५ प्रतिशत छुट पाउन

**केबुलकार सेवा :**

१. मनकामना दर्शन प्रा. लि. - **संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने**

२. मौलाकाली केवलकार लि. - **संघको सदस्यलाई २० प्रतिशत छुट पाउने**

**प्यारागलाइडिङ्ग सेवा :** १. ओपन स्काइ प्यारागलाइडिङ्ग प्रा. लि., लेक साइड,पोखरा - **संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने**

**पुनश्च :** चितवन उद्योग वाणिज्य संघबाट उपलब्ध गराईएको परिचय पत्र बाट छुट सुविधा लिन सकिने छ ।

# के तपाईले उद्योग वाणिज्य संघ-चितवनको सदस्यता लिनुभयो ?

**यदि लिनुभएको छैन भने तपाई निम्नलिखित सुविधाबाट बन्चित हुनुहुन्छ त्यसैले तुरुन्तै उद्योग वाणिज्य संघको सदस्यता लिनु भई मौकाको फाइदा उठाउनुहोस् ।**

## संघको सदस्य हुनुभयो भने तपाईले निम्नानुसारका सेवा तथा सुविधा उपभोग गर्न पाउनुहुनेछ :

* तपाईंको व्यवसायमा परेको व्यक्तिगत व्यावसायिक समस्या समाधान गर्ने संघ एक ठुलो शक्ति हो जसलाई तपाईले उपयोग गर्न पाउनु हुनेछ ।
* आफ्नो व्यवसायमा गरेको लगानी ठिक छ छैन भन्ने मूल्याङ्कन गर्न पाउनाको साथै नयाँ नयाँ उद्योग तथा व्यापारको क्षेत्रमा नयाँ लगानीको अवसर पाउन सक्नुहुन्छ ।
* संघको सदस्य भएपछि उद्योगी तथा व्यापारीको सञ्जालभित्र पसिने हुनाले सो सञ्जालभित्र आफ्नो व्यवसाय विकास तथा विस्तार गर्न पाउनुहुन्छ ।
* तपाई आफैँले आफ्नो सिप तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्दा बढी खर्चिलो हुनाले त्यो खर्च गर्न निकै कठिन छ तर संघले सञ्चालन गर्ने तालिम, गोष्ठी तथा अन्य विभिन्न किसिमका अन्तर्क्रिया कार्यक्रममा सहभागी भई आफ्नो सिप तथा क्षमता अभिवृद्धि गर्न पाउनुहुन्छ ।
* राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघ तथा संघलाई विभिन्न समयमा प्राप्त हुने छात्रवृत्तिहरूमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा सहभागी हुने अवसरहरू पाउनुहुन्छ ।
* हाम्रो क्षेत्रमा स्थापना गर्न सकिने तथा सञ्चालन गर्न सकिने उद्योग व्यापारका लागि आवश्यक सूचनाहरू जस्तै मेसिन उपलब्ध
* हुने स्थान, प्रविधि, कच्चा पदार्थको स्रोत, निर्यात व्यापारको सम्भावना आदि जस्ता बारे स्वदेश तथा विदेशका विभिन्न स्रोतबाट जानकारी पाउनुहुन्छ ।
* संघले प्रदान गर्ने विभिन्न सेवामूलक कार्यहरूमा सहुलियत पाउनुहुन्छ ।
* संघले बेलाबेलामा प्रकाशित गर्ने बुलेटिनहरू, मेम्बर डाइरेक्टरीहरूबाट जानकारी लिन पाउनुको साथै त्यसै मार्फत आफ्नो व्यवसायको जानकारी अरूलाई प्रवाह गर्न पाउनुहुन्छ ।
* संघका सदस्यहरूबिच वा अन्य कसैसँग व्यावसायिक मनोमालिन्यको अवस्था सृजना हुन गएमा संघबाट मध्यस्थता गराउन पाउनुहुन्छ ।
* संघमार्फत विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्बन्ध विस्तार एवम् व्यक्तिगत पहिचान बनाउने अवसर पाउनुहुन्छ ।
* आफ्नो क्षेत्रभन्दा बाहिर रहेका व्यावसायिक प्रतिष्ठानसँग सम्पर्क स्थापना गर्ने अवसर पाउनुहुन्छ ।
* संघमार्फत सामाजिक कार्यमा प्रत्यक्ष रूपमा समाहित हुने अवसर पाउनुहुन्छ ।
* संघको सदस्य हुनुभएमा यहाँको व्यवसायको संरक्षकको रूपमा संघलाई पाउनु हुन्छ ।
* सरकारी नीति निर्माणमा संघले सरकारलाई दिने सरसल्लाह तथा सुझावमा यहाँ स्वयं सहभागी भई संघलाई सल्लाह प्रदान गर्न पाउनुहुन्छ ।
* संघको सदस्यता लिएपछी हस्पिटल, हस्पिटालीटी लगायत विभिन्न व्यावसायिक प्रतिष्ठानहरूमा छुट पाउनुहुनेछ ।

त्यसैले संघको सदस्य किन नबन्ने ? आजैदेखि संघको सदस्य बन्नुहोस्, संघलाई मजबुत बनाउनुहोस् । आज तपाईंलाई समस्या नपरेको हुन सक्दछ तर कतिखेर पर्ने हो थाहा छैन, समस्या पर्दा मात्रै खोजेर कहाँ पाइन्छ र ? त्यसैले आजैदेखि संघको सदस्य बनिहालौं,बनेकाहरूले नियमित गरी राखौं, हाम्रो समस्या हामी आफैंले समाधान गरौं । अरुको मुख नताकौं ।

## कसले संघको सदस्यता लिन सक्छन् ?

चितवन जिल्लामा उद्योग तथा व्यापारिक क्षेत्रमा संलग्न, नेपाल सरकारमा दर्ता भएका उद्योग तथा वाणिज्य क्षेत्रको फर्महरू यस संघको सदस्य बन्न सक्नेछन् ।

## सदस्यता लिन के गर्नुपर्छ ?

संघबाट प्रदान गरिने सदस्यता आवेदन फर्म भर्नु पर्दछ, जसमा निम्नलिखित कागजातहरू संलग्न गर्नु पर्नेछ :

* नेपाल सरकारको उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, वा वाणिज्य विभाग तथा आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको उद्योग/फर्म/कम्पनी प्रमाण-पत्रको प्रतिलिपि १ प्रति, साथमा नागरिकताको सक्कल ।
* प्रा.लि.को हकमा प्रबन्ध पत्र र नियमावली संलग्न गर्नुपर्नेछ ।
* साझेदारी व्यवसायको हकमा साझेदारको आधिकारिक पत्र ।
* प्रोप्राइटरसिप व्यवसायको हकमा सम्बन्धित प्रोप्राइटरको अनुपस्थितिमा निजको प्रतिनिधित्व गर्ने व्यक्तिका नाममा लेखिएको मन्जुरीनामा सहितको आधिकारिक पत्र ।
* हालसालै खिचिएको अटोसाइज वा पासपोर्ट साइजको २ प्रति फोटो ।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"




## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं । -सम्पादक

## प्रापक :

........................................................................
........................................................................
........................................................................
........................................................................
........................................................................
.................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०